प्रेस काउन्सिल नेपाल

# प्रेस काउन्सिल ऐनको मस्यौदा, गोपनीयताको हकसम्बन्धी कानुन र पत्रकार आचारसंहिता

रामशरण बोहरा
उप प्रशासकीय अधिकृत

# प्रेस काउन्सिल नेपाल

## प्रेस काउन्सिल नेपाल ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकः २०७४

**प्रस्तावना** : बिद्युतीय र छापा माध्यममार्फत् पत्रकारिता पेशालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं अझ बढी विश्वसनीय बनाउन व्यक्ति, सरकार र मिडियाबीच सौहार्द्रपूर्ण सहकार्यको भूमिका निर्वाह गर्न पेशागत उच्चतम आचरण कायम राख्दै स्वस्थ, स्वच्छ र स्वतन्त्ररुपमा पत्रकारिताको विकास, संरक्षण तथा सम्बर्द्धनका लागि सञ्चारक्षेत्रको एकमात्र नियामक निकायको रुपमा स्वायत्त र अर्धन्यायिक प्रकृतिको प्रेस काउन्सिल स्थापना र व्यवस्था गर्नु वाञ्छनीय भएकाले,

नेपालको संविधान धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

प्रेस काउन्सिल नेपाल
PRESS COUNCIL NEPAL
स्था. २०२७ – ESTD. 1970

# परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “प्रेस काउन्सिल ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

(३) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ‘काउन्सिल’ भन्नाले दफा ५ बमोजिम स्थापित प्रेस काउन्सिल सम्झनुपर्छ ।

(ख) ‘सदस्य’ भन्नाले काउन्सिलको सदस्य सम्झनुपर्छ र सो शब्दले काउन्सिलको अध्यक्षसमेतलाई जनाउँछ ।

(ग) ‘समिति’ वा उपसमिति भन्नाले परिच्छेद-४ बमोजिम गठित समिति तथा उपसमितिलाई बुझाउँछ ।

(घ) "सचिव" भन्नाले दफा ९ बमोजिम नियुक्त काउन्सिलको सचिव सम्झनुपर्छ ।

(ङ) **'तोकिएको' वा 'तोकिएबमोजिम'** भन्नाले यो ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(च) **बिद्युतीय प्रशारण तथा अनलाइन पत्रकारिता** भन्नाले इलेक्ट्रोनिक अनलाइन सेवाअन्तर्गत आउने समाचार, लेख, अन्तर्वार्ता, टिप्पणी, श्रव्यदृश्य, सम्पादकीयसमेत सम्झनु पर्दछ ।

(छ) **छापा पत्रकारिता** भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिकालाई समेत सम्झनु पर्छ ।

(ज) **साहित्यिक पत्रकारिता** भन्नाले बिभिन्न साहित्यिक सामग्रीलाई समेटेर प्रकाशित तथा प्रसारित सञ्चारमाध्यमलाई समेत सम्झनुपर्दछ ।

(झ) **बिज्ञापनअन्तर्गत** पत्रपत्रिका, होर्डिङबोर्ड तथा बिद्युतीय माध्यमबाट प्रकाशित तथा प्रसारित सबैखाले सन्देश समेटिन्छ ।

**ञ) अनलाइन पत्रकारिता :** "अनलाइन सञ्चारमाध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यममा सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत, सङ्गीत, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम मल्टिमिडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ ।

**ट) समाचार समिति :** व्यापारिक वा सेवाको उद्देश्यसहित समाचार संकलन, उत्पादन, प्रशोधन, प्रसारण प्रयोजनका साथ गठित संस्थालाई बुझाउँदछ ।

**३. प्रेस काउन्सिलको स्थापना :** स्वस्थ र मर्यादित छापा पत्रकारिताको विकासका लागि नियमनकारी भूमिका निर्वाह गर्न नेपालमा पहिलोचोटी २०२७ सालमा प्रेस काउन्सिलको स्थापना भएको हो ।

# प्रेस काउन्सिल नेपाल

## काउन्सिलको उद्देश्य

**४. काउन्सिलको उद्देश्य :** काउन्सिलको उद्देश्य देहायबमोजिम हुनेछ ।

(क) स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने,

(ख) स्वस्थ र मर्यादित पेशाको निम्ति पत्रकारितासम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने ।

(ग) आचारसंहिता उल्लंघन भए/नभएको अनुगमन गर्ने,

(घ) आचारसंहिता उल्लंघन भएको स्वअनुगमनबाट पाइएमा वा उल्लंघनसम्बन्धी उजुरी परेमा कारवाही गर्ने,

(ङ) छापा तथा विद्युतीय सञ्चारमाध्यमको अभिलेख अद्यावधिक राख्ने,

(च) प्रेस र नेपाल सरकारबीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने ।

# प्रेस काउन्सिल नेपाल

(छ) सार्वजनिक नैतिकता र नागरिकहरुको मर्यादा कायम राख्न लगाउने ।

(ज) प्रेस स्वतन्त्रता र छापा तथा बिद्युतीय पत्रकारिताको मर्यादा जोगाउन क्रियाशील रहने ।

(झ) छापा तथा बिद्युतीय एवं अन्य बिज्ञापन सञ्चारलाई ब्यवस्थित गर्ने ।

(ञ) छापा तथा बिद्युतीय पत्रकारितासँग सम्बन्धित सञ्चारमाध्यमहरुसँग छलफल र अन्तरक्रियामार्फत् जीवन्त सम्पर्कमा रहने ।

# प्रेस काउन्सिल नेपाल

(ट) विदेशमा डोमेन रहेका सामाजिक सञ्जाल (फेसबुक, ट्वीटरलगायत) मार्फत् राष्ट्र, राष्ट्रियता, व्यक्ति, समुदाय, जात, धर्म, इज्जत, प्रतिष्ठामा आँच पुऱ्याउने प्रवृत्तिको अनुगमन गर्ने ।

(ठ) मूल पत्रकार आचारसंहिताको अधिनमा रही प्रत्येक सञ्चार माध्यम(संस्था) लाई आचारसंहिता बनाउन प्रोत्साहित गर्ने ।

# प्रेस काउन्सिल नेपाल

## परिच्छेद-२

**५. काउन्सिलको गठन:** (१) नेपाल सरकारले देहायका व्यक्तिहरु अध्यक्ष र सदस्य रहने गरी काउन्सिलको गठन गर्नेछ :

(क) सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेका, वरिष्ठ अधिवक्ता वा पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका मध्येबाट कम्तिमा ४५ वर्ष उमेर पुगेका - अध्यक्ष

ख) प्रतिनिधिसभाका सदस्यहरुमध्येबाट सभामुखद्वारा मनोनित एक-सदस्य

ग) राष्ट्रियसभा सदस्यहरुमध्येबाट अध्यक्षद्वारा मनोनित एक -सदस्य

घ) सम्पर्क मन्त्रालयको प्रतिनिधिको रुपमा प्रेस रजिष्ट्रार एक-सदस्य

***स्पष्टीकरण :*** *खण्ड (ख) र (ग) बमोजिमको सदस्य सभामुख र अध्यक्षले मनोनित गर्दा पत्रकारिता क्षेत्रमा अनुभव प्राप्त रहेछन् भने तिनलाई प्राथमिकता दिनुपर्नेछ । प्रतिनिधिसभा तथा राष्ट्रियसभाबाट प्रेस काउन्सिलमा प्रतिनिधित्व गराउँदा प्रमुख प्रतिपक्षी दलको समेत सन्तुलन मिलाउनुपर्नेछ ।*

(ङ) नेपाल पत्रकार महासंघका सभापति.........पदेन सदस्य

(च) छापामाध्यमको प्रतिनिधित्व :

(१) सम्पादकहरु मध्येबाट एकजना................ सदस्य

(२) श्रमजीवी पत्रकारमध्येबाट एकजना............सदस्य

(३) साना लगानीका पत्रपत्रिको तर्फबाट स्वरोजगार पत्रकारितामा संलग्न पत्रकार मध्येबाट एकजना....... ..........सदस्य

(छ) रेडियो, टिभी र अनलाइनबाट १/१ गरी ३ जना सदस्य

ज) कानुन, न्याय, प्राज्ञिक र शिक्षा क्षेत्रबाट पत्रकारितामा समेत क्रियाशीलमध्येबाट एकजना ......... सदस्य

(झ) साहित्यिक पत्रकारिताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट सम्बन्धित संघसंस्थाको सिफारिशमा एक जना. सदस्य

(२) सदस्यहरुको नियुक्ति नेपाल सरकारबाट तोकिएबमोजिम हुनेछ ।

(३)उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष चयनका निम्ति देहाय बमोजिमको सिफारिश समिति गठन गरिनेछ

(१) विधायिकाको सभामुख..............अध्यक्ष

(२) सूचना तथा सञ्चारमन्त्री............सदस्य

(३) पत्रकारिता क्षेत्रबाट वरिष्ठ विज्ञ एकजना.....सदस्य

(३) उपदफा (२) बमोजिम गठित सिफारिश समितिले नेपाल सरकारसमक्ष काउन्सिलका सदस्यको नाम सिफारिश गर्दा समावेशी एवं लैंगिक सिद्धान्तको पालना र सबै प्रदेशको प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

# प्रेस काउन्सिल नेपाल

(४) अध्यक्ष वा सदस्य नियुक्त व्यक्तिले काउन्सिलका सिद्धान्त र नीतिविपरीत हुनेगरी अन्यत्र पेशा वा गतिविधिमा संलग्न हुन पाउने छैन ।

(५) काउन्सिलको अध्यक्ष र सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निज सो पदमा अर्को एक कार्यकालको निम्ति नियुक्त हुन सक्नेछ । ( मनोनित र पदेन सदस्यको हकमा सम्बन्धित संस्थामा पदावधि रहँदासम्म काउन्सिलमा निजको पदाधिकार रहनेछ)

६) काउन्सिलका अध्यक्ष र सदस्यको योग्यता, सेवाका शर्त र सुविधा छुट्टै नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

# प्रेस काउन्सिल नेपाल

## ६.. काउन्सिलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) पत्रकार र पत्रकारिता पेशाको क्षमता विकास, संरक्षण र सम्वर्द्धनको निम्ति उपलब्ध श्रोत-साधनको अधिकतम सदुपयोग गर्ने । प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने ।

(ख)छापा तथा विद्युतीय पत्रकारितासम्बन्धी नीति, अन्तर्राष्ट्रिय अनुभवलाई समय समयमा अवलोकन, अध्ययन अनुसन्धान गरी सम्बन्धित क्षेत्रको रायसल्लाह समेत लिएर नेपाल सरकारलाई सुझाव दिने,

(ग)पत्रकारिताको विकासका लागि ऐन, कानुन, नियमावली र समसामयिक कार्यविधिहरु तय गर्ने ।

(घ)छापा तथा बिद्युतीय र अन्य माध्यमबाट प्रशारित हुने सन्देशमूलक सूचनासम्बन्धी कार्यबिधि तयार गर्ने, नियमन गर्ने ।

# प्रेस काउन्सिल नेपाल

(ङ) संघीय, प्रादेशिक र स्थानीय सरकार, मिडिया तथा सर्वसाधारणबीचको सम्बन्धलाई सौहार्द्र बनाउने, पत्रकारिता पेशालाई आवाजबिहीनहरुको आवाज बनाउन भूमिका निर्वाह गर्ने ।

(च)पत्रपत्रिका तथा विद्युतीय सञ्चारमाध्यमका गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्यांकनसहितको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने/आचारसंहितासम्बन्धी समसामयिक सामग्रीहरु नियमित प्रकाशन गर्ने ।

(छ)पत्रपत्रिकामा प्रकाशित तथा विद्युतीय सञ्चारमाध्यमबाट प्रसारित असामाजिक र आपत्तिजनक बिषयवस्तु तथा प्रकाशित/प्रसारित सामग्रीहरूको सम्बन्धमा छानबिन र कारबाही गर्ने ।

प्रेस काउन्सिल नेपाल

ज) २० वर्ष पत्रकारितामा योगदादनका आधारमा वरिष्ठ पत्रकारको उपाधि दिने ।

झ) पत्रकार तथा सञ्चारमाध्यमहरुलाई पुरस्कृत गर्ने, प्रोत्साहित गर्ने, अग्रज पत्रकारहरुको सम्मान गर्ने ।

ञ) अनलाइनलगायत सबैखाले सञ्चारमाध्यमको अभिलेखीकरण गर्ने, सबैखाले समाचारमाध्यमलाई समान अवसर उपलब्ध गराउन वातावरण मिलाउने ।

ट) गम्भीररुपमा आचारसंहिता उल्लंघनमा अनुशासनको कारबाही गर्ने, प्रेस पास निलम्बन, सुविधा रोक्का गर्ने ।

ठ) पत्रकारको अभिलेखीकरण तथा प्रेस पास वितरण गर्ने ।

## ७. काउन्सिलको बैठक र निर्णय :

(१) अध्यक्षको निर्देशनमा सदस्य सचिवले काउन्सिलको बैठक बोलाउने छ ।

(२) काउन्सिलको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(३) काउन्सिलको बैठक अध्यक्षको नेतृत्वमा बस्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले छानेको सदस्यबाट बैठक सञ्चालन हुनेछ ।

(४) विचाराधीन प्रत्येक विषयमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) काउन्सिलको निर्णय अध्यक्ष या सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) काउन्सिलको बैठकसम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) कुनै सदस्यले आफ्नो फरक मत वा राय दर्ता गराउन चाहेमा निर्णय पुस्तिकामा उल्लेख गर्न सक्नेछ ।

## ८. काउन्सिलको अध्यक्ष पद रिक्त रहेको अवस्थामा बैठक र निर्णय :

(१) काउन्सिलको अध्यक्ष पद रिक्त रही नेपाल सरकार, मन्त्रिपरिषदबाट नियुक्त भइनसकेको वा नियुक्त गरिएतापनि प्राबिधिक कारणबस बहाली हुन नसकेको अवस्थामा सदस्यहरुको सर्वसम्मति वा बहुमतीय निर्णयबाट कार्यबाहक अध्यक्ष मनोनयन गरी बैठक सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम मनोनित अध्यक्षले अर्को ब्यवस्था नभएसम्म कार्यवाहक अध्यक्षको हैसियतमा बैठक बोलाउन या काउन्सिलको सम्पूर्ण कामकारबाही सञ्चालन गर्नसक्नेछ ।

# परिच्छेद -३

**९. काउन्सिलको सचिवालय तथा कार्यालयः** (१) काउन्सिलको एउटा छुट्टै सचिवालय हुनेछ। आवश्यकता अनुसार सात प्रदेशमा प्रदेश समन्वय कार्यालय स्थापना गर्न सकिनेछ।

(२) काउन्सिलको सचिवालयमा कार्यरत बरिष्ठतम प्रशासक बोर्ड सचिवको रुपमा रहनेछ।

(३) काउन्सिलका प्रादेशिक कार्यालयहरुमा एकजना अधिकृत खटाइनेछ।

# परिच्छेद-४

१०. **समिति वा उपसमिति :** (१) काउन्सिलले आफ्नो कार्य सम्पादन गर्नका लागि आवश्यकताअनुसार बढिमा १५ वटासम्म उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि काउन्सिलले तोकेबमोजिम हुनेछ

## १२. पत्रपत्रिका वितरण सम्परीक्षण समिति :

(१) नेपाल सरकारले काउन्सिलको परामर्श लिई एक पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन् :

(क) प्रेस रजिस्ट्रार............. .................. अध्यक्ष

(ख) प्रतिनिधि, सञ्चार मन्त्रालय........... सदस्य

(ग) प्रतिनिधि, प्रेस काउन्सिल ..................सदस्य

(घ) लेखापरीक्षण संघ, विज्ञापन संघ वा एजेन्सी तथा व्यापारिक वा औद्योगिक संस्थाबाट एक/एकजनाका दरले नेपाल सरकारद्वारा मनोनित तीनजना व्यक्ति .......................सदस्य

(३)काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ ।

(४) उप-दफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

## १३. बिद्युतीय सञ्चारमाध्यम संपरीक्षण समिति गठन :

(१) यो समितिमा बिद्युतीय पत्रकारिता हेर्ने काउन्सिलको समितिबाट सदस्य....संयोजक

(२) प्रतिनिधिः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ............सदस्य

(३) बिद्युतीय सञ्चारमाध्यमसम्बन्धी संस्थाबाट काउन्सिलद्वारा मनोनित (महिलासहित) ३ जना .......... सदस्य

(४) काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ ।

(५)उप-दफा (३) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

# प्रेस काउन्सिल नेपाल

## १४. छापा तथा विद्युतीय संपरीक्षण समितिको काम, कर्तव्य र अधिकार :

(१) पत्रपत्रिका वा विद्युतीय सञ्चारमाध्यमको अद्यावधिक अभिलेख राख्ने, र

(२) प्रकाशन संख्या, गुणस्तर, सामग्रीहरुको प्रभाव र पहुँचका आधारमा बर्गीकरण गर्ने ।

(३) उपदफा (१ र २) मा लेखिएदेखि बाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

# परिच्छेद-५

## १५. काउन्सिलको कोष :

(१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ। जसमा:

(क) नेपाल सरकारबाट प्राप्त वार्षिक बजेट

(ख) विदेशी सरकार वा संघसंस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम रहनेछ।

(३) वर्गीकरण गरेवापत सञ्चारमाध्यमबाट लेबी रकम, सेवा शुल्क लिन सकिनेछ। अन्तर्राष्ट्रिय सहयोग नियोगबाट आर्थिक अनुदान वा सहायता प्राप्त गर्नुअघि काउन्सिलले नेपाल सरकारलाई जानकारी दिनुपर्नेछ।

# परिच्छेद-५

## १५. काउन्सिलको कोष :

(१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ। जसमा:

(क) नेपाल सरकारबाट प्राप्त वार्षिक बजेट

(ख) विदेशी सरकार वा संघसंस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम रहनेछ।

(३) वर्गीकरण गरेवापत सञ्चारमाध्यमबाट लेबी रकम, सेवा शुल्क लिन सकिनेछ। अन्तर्राष्ट्रिय सहयोग नियोगबाट आर्थिक अनुदान वा सहायता प्राप्त गर्नुअघि काउन्सिलले नेपाल सरकारलाई जानकारी दिनुपर्नेछ।

(४)काउन्सिलको कोष सञ्चालन तोकिएबमोजिम हुनेछ।

## १६. लेखा र लेखापरीक्षण :

(१) काउन्सिलको आर्थिक हिसाब किताबको विवरण लेखा शाखाले राख्नेछ ।

(२) आन्तरिक लेखा प्रणाली दोहोरो स्रेस्ता प्रणालीअनुसार हुनेछ ।

(३) आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गरी सक्नु पर्नेछ

(४) आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराई सक्नु पर्नेछ ।

# प्रेस काउन्सिल नेपाल

## परिच्छेद-६

**१७ निर्देशन जारी गर्न सक्ने :**

(१) प्रेस काउन्सिलले छापा तथा बिद्युतीय पत्रकारिता र बिज्ञापन एजेन्सीहरुलाई राष्ट्रिय विपत्तीको बेला, लोकहित र पेशागत शुद्धताको निम्ति आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी निर्देशन पालना गर्नु सबैखाले सञ्चारमाध्यमको अनिवार्य दायित्व र कर्तव्य हुनेछ ।

**१८. आचारसंहिता बनाई लागू गर्ने :**

(१) प्रेस काउन्सिलले आफ्नो प्रमुख कर्तव्यको रुपमा बिद्युतीय तथा छापा पत्रकारिता एवं बिज्ञापनसम्बन्धी आचार संहिता बनाई लागू गर्नेछ ।

(२) काउन्सिलले लागू गरेका आचारसंहिताको सम्मान र कार्यान्वयन गर्नु सबैको कर्तब्य र दायित्व हुनेछ ।

# प्रेस काउन्सिल नेपाल

## १९. अनुगमन, उजुरी र कारबाही :

(१) कुनै पत्रकारले व्यवसायिक आचारसंहिता उल्लंघन गरेमा कुनै पनि व्यक्ति वा संस्थाले काउन्सिलमा लिखित वा अनलाइन प्रक्रियाबाट उजुरी दिन सक्नेछ। स्वअनुगमन विधिबाट समेत काउन्सिलले तत्काल कारबाही प्रक्रिया अघि बढाउन सक्नेछ।

(२) उजुरी गर्दा सोसम्बन्धी आधार-प्रमाणहरु संलग्न गर्नुपर्नेछ।

(२) उपदफा (१) र (२) बमोजिम कुनै उजुरी परेमा काउन्सिलले आवश्यक जाँचबुझ गरी देहायबमोजिम गर्न/गराउन सक्नेछ :

(क) उजुरी गर्ने पक्षसँग प्रकाशक या सम्पादकलाई मेलमिलाप गराउने, क्षमायाचना गर्न लगाउने, निजको भनाई सञ्चारमाध्यममा प्रकाशित/प्रसारित गर्न निर्देशन दिने। गम्भीर प्रकृतिका उजुरीहरुमा प्रेस इजलास गठन गरी सुनुवाई गर्ने।

(ख) प्रेस काउन्सिलले दिएको निर्देशन, आदेश अवज्ञा गर्ने र व्यावसायिक आचारसंहिता पटकपटक उल्लंघन गर्ने पत्रकारलाई निजले सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित निकायलाई निर्देशन दिने /सिफारिश गर्ने ।

(३) उपदफा (२) बमोजिम काउन्सिलको निर्णय, निर्देशन निर्णय पालन नगर्ने छापा तथा बिद्युतीय-माध्यममा संलग्न पत्रकार, बिज्ञापनदाता ( कम्पनी वा व्यक्ति), प्रकाशक/सम्पादक/रिपोर्टरसमेत उपर काउन्सिलले खेद प्रकट गरी आदेश, निर्देशन र आचारसंहिता पालना नगरेवापत अवज्ञाकारी भनी सार्वजनिकरुपमा सूचना प्रकाशित गर्न गर्ने।

(४) उपदफा (२) वा (३) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले सम्बन्धित पत्रकार, सम्पादक र बिज्ञापन ब्यवसायीलाई स्पष्टिकरण पेश गर्न मौका दिने ।

(५) उपदफा (४) बमोजिम सफाईको मौका र सुधारको अवसर दिँदा पनि नसच्चिए वा सफाई पेश नगरेमा प्रेस पास रद्द गर्न, वर्गीकरणबाट हटाउन, कुनैपनि सुविधामा रोक लगाउन र सम्बन्धित निकाय वा कार्यालयमा कानुनी कारबाहीका निम्ति लेखी पठाउन सक्नेछ ।

(६) सञ्चारमाध्यममार्फत् गरिने गम्भीर प्रकृतिका अपराध, गालीबेइज्जती, अवहेलनासम्बन्धी उजुरी पर्न आएमा काउन्सिलले सम्बन्धित निकायलाई कारवाही चलाउन अनुमति दिन सक्नेछ ।

# परिच्छेद -७

## बिबिध

**२०.अधिकार प्रत्यायोजन :**

यस ऐनबमोजिम प्राप्त अधिकार काउन्सिलले नेपाल सरकारबाट मान्यताप्राप्त कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२१.नेपाल सरकारसँग सम्पर्क :**

काउन्सिलको नेपाल सरकारसँग सम्पर्क सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत हुनेछ ।

**२२. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य पूर्तिका लागि प्रेस काउन्सिलद्वारा मस्यौदा तयार गरी नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

## २३. विनियम बनाउने अधिकार :

काउन्सिलले आफ्नो कार्य सञ्चालनका लागि यो ऐन र नियमावलीको अधीनमा रही आवश्यक विनियम बनाएर लागू गर्न सक्नेछ ।

## २४. निर्देशिका बनाउन सक्ने :

(१) प्रेस काउन्सिलले आवश्यकताअनुसार निर्देशिका वा दिग्दर्शन बनाई प्रकाशन वा लागू गर्न सक्नेछ ।

## २५. खारेजी र बचाऊ :

(१) प्रेस काउन्सिल ऐन,२०४८ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम भए गरेको कामकारबाही यसै ऐनबमोजिम भए गरिएको मानिने छ ।

# आगामी भदौ १ गतेदेखि लागू हुने वैयक्तिक गोपनियता तथा प्रतिष्ठा विरुद्धको कसूरसम्बन्धी ऐन

**२९३. अर्काको कुरा सुन्न वा ध्वनि अंकन गर्न नहुने : (१)** कसैले दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीचमा भएको कुनै कुरा अधिकारप्राप्त अधिकारीको अनुमितले वा त्यसरी कुरा गर्ने व्यक्तिहरुको मञ्जुरीबिना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनि अंकन गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तर सार्वजनिकरुपमा गरिएको भाषण वा वक्तव्यको हकमा यो दफा लागू हुनेछैन ।

# प्रेस काउन्सिल नेपाल

**२९४. गोप्य कुरा प्रकट गर्न नहुने:** (१) कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको कुनै गोप्पय कुरा कानुनले बाध्य गराएको वा त्यस्तो व्यक्तिले अनुमित दिएको अवस्थामा बाहेक कसैलाई पनि प्रकट गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिलाइ एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**२९५. अनुमति बिना कुनै व्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरुप बिगार्न नहुने :** (१) कसैले कुनै व्यक्तिको अनुमतिबिना निजको तस्वीर खिच्न वा निजको तस्वीरसँग बरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाउन हुँदैन ।

तर कसैले कुनै सार्वजनिक स्थानको तस्वीर खिच्दा त्यस्तो स्थानमा रहेको कुनै व्यक्तिसमेतको तस्वीर खिच्न गएको रहेछ भने यस दफा बमोजिम कसुर गरेको मानिनेछैन ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दशर हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृतरुपको तस्वीर बनाउन वा प्रकाशन गर्न हुँदैन ।

(४) दफा (३) बमोजिम कसुर गर्ने वा गराउने वींक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**२९६. अनुमति बिना एकको तस्वीर अरुलाई दिन वा विक्री गर्न नहुने:**

(१) कसैले कुनै व्यक्तिको तस्वीर निजको अनुमतिबिना अरुलाई दिन वा विक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिदविक्री गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

# प्रेस काउन्सिल नेपाल

**२९७. चिठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने :** (१) अधिकार प्राप्त अधिकारी वा सम्बन्धित व्यक्ति:को अनुमतिबिना कसैको चिठी खोल्न वा अरुले टेलिफोनमा गरेको कुरा कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर बीचमा सुन्न वा ध्वनि अंकन गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

**२९८. विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुने :** (१) कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृतरुपमा प्राप्त गर्न त्यसको गोपनीयता भंग गर्न वा अनधिकृतरुपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**२९९. छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुने** (१) कसैले आफ्नो परिचयपत्र दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिभिजन वा सन्देश प्रवाह गर्न गराउने हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई दुईवर्षसम्म कैद वा बीस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**३००. हैरान पार्ने बदनियतले चिठी पत्र लेख्न नहुने** (१) कसैले डर, त्रास वा दु:ख वा हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**३००. हैरान पार्ने बदनियतले चिठी पत्र लेख्न नहुने :** (१) कसैलाई डर, त्रास वा दु:ख वा हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठीपत्र,पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद । दशहजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**३०१. अरुको शरीर खानतलासी गर्न नहुने** (१) कानुनबमोजिम अधिकारप्राप्त अधिकारी वा निजको आदेश वा सुरक्षाको प्रयोजनका लागि खटिएको व्यक्तिले अधिकार प्राप्त अधिकारीको अनुमतिले बाहेक कसैले सम्बन्धित व्यक्तिको

स्वीकृतिबिना अरुको शरीर, सवारी साधन वा निजी प्रयोगका वस्तुहरुको खानतलासी गर्न वा गराउने हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**३०२. अरुको आवासमा अनाधिकृत प्रवेश गर्न नहुने :** (१) कानुनबमोजिम अधिकारप्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरुको घरमा सम्बन्धित घरधनीको स्वीकृतिबिना अनाधिकृतरुपमा प्रवेश गर्न, घरधनी वा निजको परिवारको गोप्यता भंग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुँदैन ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनका लागि 'घर' भन्नाले कुनै व्यक्तिले बसोबास गरेका घर,निवास, आवास, कोठा सम्झनुपर्दछ र सो शब्दले त्यस्तो व्यक्तिले रात बिताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ ।

.(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीसि हजार रुपियाँसम्म जरिवाना वा  सजाय हुनेछ ।

**३०३.** **क्षतिपूर्ति भराई दिनुपर्ने :** यस परिच्छेदबमोजिम कसुर गरी कसैले कुनै लाभ प्राप्त गरेको वा कसैलाई कुनै किसिमको हानी, नोक्सानी, हैरानी वा क्षति पुऱ्याएको रहेछ भने कससुरबाट त्यस्तो लाभ, हानी, नोक्सानी, हैरानी वा क्षतिपूर्तिसमेत भराई दिनुपर्नेछ ।

**३०४.** **हदसम्म :** यस परिच्छेदअन्तर्गत कसुरमा कसुर भए गरेको मितिले तीन महिना लागेपछि कसुर लाग्नेछैन ।

*(मुलुकी ऐन, २०२१ लाई विस्थापित गरी २०७५ भदौ १ गतेदेखि लागू हुने वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरुद्धको कसुरसम्बन्धी ऐन)*

# विद्युतीय संचारमाध्यम (टेलिभिजन, रेडियो र अनलाइन ) अभिलेखीकरण तथा अनुगमनमा आधुनिक प्रविधिको प्रयोग

# प्रेस काउन्सिल नेपाल




विद्युतीय संचारमाध्यम ( टेलिभिजन, रेडियो र अनलाइन ) अभिलेखीकरण तथा अनुगमनको लागि प्रयोग भएका उपकरण तथा प्रणाली


# प्रेस काउन्सिल नेपाल




टेलिभिजन अभिलेखीकरण तथा अनुगमन सिष्टम

# प्रेस काउन्सिल नेपाल




रेडियो र अनलाइन मिडिया मोनिटरिङ सिष्टम

प्रेस काउन्सिल नेपाल

# आचारसंहिता उल्लंघन एवं उजुरी


# प्रेस काउन्सिल नेपाल


## अनलाइनबाट उजुरी



# उजुरी विवरण

## आ.व. २०७४।०७५ मा दर्ता भई प्रक्रियामा रहेका उजुरी, स्वअनुगमन तथा जनगुनासो (छापा तथा विद्युतीय सञ्चारमाध्यम)


अनुगमन शाखा (विद्युतीय ) आ.ब. २०७४/०७५ जेठसम्मको उजुरीको अवस्था
99
81
50
15
3
7
100
90
80
70
60
50
40
30
20
10
0
जम्मा उजुरी
स्वअनुगमन
जनगुनासो
उजुरी
फर्छौट
अबज्ञाकारि
अनुगमन शाखा (विद्युतीय ) आ.ब. २०७४/०७५ जेठसम्मको उजुरीको अवस्था


प्रेस काउन्सिल नेपाल अनुगमन शाखाको (छापा) आ.ब. २०७४/०७५ जेठजम्मको उजुरीको अवस्था
साउन
भदौ
असोज
कार्तिक
मंसिर
पुस
माघ
फागुन
चैत्र
बैसाख
जेठ
असार
प्राप्त उजुरीहरु
प्रकृयामा रहेका उजुरीहरु
प्रकृया पुरागरी तामेलिमा गएका उजुरीहरु
काउन्सिलले गरेको सो-अनुगमन
अवज्ञाकारीको सुचि

# प्रेस काउन्सिल नेपाल

## दर्ता भएका उजुरीका प्रकृति

१. एउटा सञ्चारमाध्यमको समाचार सामग्री हुबहु वा प्याराफेजिङ गरेर अर्कोले प्रकाशन प्रशारण गर्ने गरेको
२. समाचारलाई विज्ञापन र विज्ञापनलाई समाचारको रुपमा प्रस्तुती
३. एउटा सञ्चारमाध्यममा आएको समाचारको विषयमा अन्यसञ्चारमाध्यममा प्रेस विज्ञप्तीको नाममा विज्ञापनको रुपमा खण्डन वा प्रतिक्रिया प्रस्तुत
४. धार्मिक, सामाजिक सास्कृतिक सदभावमा नकरात्मक प्रभाव पारेको ( सार्वजनिक सरोकारसंग सम्बन्धित)
५. व्यक्ति वा संस्थाको मानहानी, चरित्र हत्या ( बढी )
६. बीभत्स दृष्यको प्रकाशन-प्रसारण

# प्रेस काउन्सिल नेपाल

## दर्ता भएका उजुरीका प्रकृति..

७. अन्तरवार्ताकारको सीप र दक्षताको कमीका कारण देखिएका समस्या

८. समाचार सामग्री र विज्ञापन प्रसारण बीच तालमेलको कमी

९. समाचारसंगै राखिने फोटो अन्य असम्बन्धितको रहने

१०. फेक न्यूज/पेड न्यूज सम्बन्धी

११. हेलो सरकार लगायतबाट आउने जनगुनासा

१२. समाचारको स्रोत उल्लेख नभएको विशेषगरी विदेश र मनोरञ्जनका समाचार सामग्रीमा

१३. भाषा, शब्द चयनमा असावधानी

१४. तथ्य, तथ्यांकमा भिन्नता (फरक माध्यममा परक, अन्योलता)

# प्रेस काउन्सिल नेपाल

## आचारसंहिता अनुगमन र कारवाही

- ५ जना अनुगमनकर्ता अनुगमनको लागि करार सेवामा लिई नियमित अनुगमन हुँदै आएको यो वर्ष थप ५ जना जनशक्ति थप भई अनुगमन भइरहेको ।
- स्थानीय तह साथै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन, २०७४ मा आमसञ्चारमाध्यममा आचारसंहिता पालनाको अनुगमन गरिएको
- आचारसंहिता उल्लंघन गर्ने २७ वटा सञ्चारमाध्यमलाई अवज्ञाकारीको सूचीमा राखिएको, एकजना सम्पादक लाई प्रेसपास निलम्बनको लागि निर्देश गरिएको
- ३ वटा सञ्चारमाध्यमले पाउने लोककल्याणकारी विज्ञापनको रकम रोक्काको सिफरिश गरिएको

# प्रेस काउन्सिल नेपाल

## आचारसंहिता अनुगमन र कारवाही स्वरुप

- खण्डन प्रकाशन गर्न आदेश दिने
- दुबै पक्ष झिकाएर छलफल र मध्यस्थता गर्ने
- आचारसंहिता पालनामा ध्यानाकर्षण गराउने
- सचेत गराउने
- क्षमायाचना सहित गल्ती स्वीकार गरी प्रकाशन/प्रशारण गर्न आदेश दिने
- काउन्सिलको अवज्ञाकारीको सूचीमा राख्ने
- पत्रपत्रिकाको हकमा वर्गीकरणबाट अलग गर्न सिफरिश गर्ने
- लोककल्याणकारी विज्ञापन वापतको रकम रोक्का गर्न सिफारिस गर्ने
- प्रशारण भइरहेको (विवादित) सामग्री तत्काललाई प्रशारणमा रोक्न आदेश
- वर्गीकरण गर्दा आचारसंहिता वापतको नम्बर घटाउने
- प्रेस पास निलम्बनको सिफारिस गर्ने

# प्रेस काउन्सिल नेपाल

## कारबाही, आचारसंहिता पालना र अवहेलनाको स्थिति

१. प्राप्त उजुरी, स्वअनुगमन एवं जनगुनासाका आधारमा आचारसंहिता अनुगमन उपसमितिको निर्णयानुसार भएका निर्देशन, ध्यानाकर्षण, सचेत एवं जवाफ माग भएकोमा अवज्ञा गरेपश्चात् २७ वटा मिडियालाई अवज्ञाकारीको सूचीमा राखिएको । ती मध्ये केही सञ्चारमाध्यमबाट अब आइन्दा नगर्ने प्रतिवद्धता जनाएपश्चात् अवज्ञाकारीको सूचीबाट हटाउने निर्णय भएको ।

२) कतिपय सञ्चारमाध्यमबाट क्षमायाचना गर्दै खण्डन प्रकाशन, अब उप्रान्त आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण नगर्ने प्रतिवद्धता व्यक्त गरी काउन्सिलमा जवाफ ।

३) कतिपय सञ्चारमाध्यम एवं सञ्चारकर्मीबाट काउन्सिललाई गालीगलौज गर्दै जवाफ पेश ।

२०७४।६।३०

विषयः कारबाही सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा १२ अक्टोबर २०१७ मा Freenepalnews.com मा प्रकाशित **'मेरो विवाह भएको छैन गरी हाले भने पनि लभ विवाह गर्छु, कोही हुनुहुन्छ'** भन्ने शीर्षकमा मेरो छोरीको तस्विर प्रकाशन गरी सामाजिक प्रतिष्ठा, मान मर्यादामा आँच आउने काम गरेको यहाँलाई अवगत गराउन चाहान्छु । यसर्थ नेपालको कानून, प्रेस काउन्सिल आचारसंहिता २०७३ को प्रावधान अनुसार आवश्यक कारबाहीका लागि अनुरोध गर्दछु ।

निवेदक

भिसमाया नेपाली

पोखरा–६, कास्की

२०७४।१।११

श्रीमान अध्यक्ष ज्यू
प्रेस काउन्सिल नेपाल
तिलगंगा, काठमाडौं।

विषय: ^क्षमायाचना सहित खण्डन सहित कार्वाही गरी पाउँ।

२६३०
२०७४।१।११

महोदय,

उपरोक्त सम्बन्धमा न्यूज २४ च्यानलबाट प्रसारण हुने जनतासँग सिधा कुरा कार्यक्रमका सञ्चालक रवि लामिछाने ले उक्त कार्यक्रमबाट म विरुद्ध झुठा कपोलकल्पित समाचार सङ्कलन गरी सम्मानित सर्वोच्च अदालत समेतबाट चक्रपथमा परेको भनी फैसला, म [illegible] जग्गामा मैले बनाएको घर सम्मानित उच्च अदालतबाट २०७३।६।१३ मा आदेश भई कानुन सम्मत रुपमा जिल्ला प्रशासन कार्यालय काठमाडौं, कीर्तिपुर न.पा. र महानगरीय प्रहरी वृत्त कीर्तिपुरको प्रत्यक्ष सहयोगमा म बनाएको घर लाई मैले कानुन हातमा लिई नेपाल कम्युनिष्ट पार्टी (विप्लव) को दवाव, कानुनी दवाव मा निर्दोष नागरिक आमजन र जीवन सहजनको पारेको लाई घरबार विहिन बनाई कानुनी राजको उपहास गरेको भनि मलाई अति [illegible] कानुनी प्रक्रियाको प्रभाव

(७८)

२०६८।९।२

श्रीमान अध्यक्ष ज्यू
प्रेस काउन्सिल नेपाल
सूचनाग्राम, तिलगंगा। काठमाडौं।

विषय:– कारबाही गरि पाऊँ।

महोदय,

उपरोक्त सम्बन्धमा न्यूज २४ टेलिभिजन च्यानलबाट प्रशारण हुने जनता सँग सिधा कुरा कार्यक्रमका संचालक रबि लामीछाने ले म विरुद्ध मेरो इज्जत हुनेगरी मेरो बदनाम गर्ने गरी २०६८।१।१३ देखी लगातार कार्यक्रम देखाएको मात्र होइन यस आघि पटक पटक विभिन्न कार्यालयमा दिएको निवेदनमा यस कार्यालयबाट उक्त टेलिभिजन च्यानल र कार्यक्रम संचालकलाई २०६८।१।२५ र २०६८।४।२२ मा दिएको निर्देशन उल्लंघन गर्दै कार्यक्रम संचालक रबि लामिछाने ले आफै नेपालको न्यायाधिश आफै कानून र उ मात्र कानून पालना गराउने सर्वोपरी व्यक्ति सोच्दै पुन १०० एपिसोड कार्यक्रममा म विरुद्ध कार्यक्रम देखाएको छ।

मिति २०६८।१।२५ र २०६८।४।२२ को यस प्रेस काउन्सिलको निर्देशन लाई उल्लंघन गर्दै पत्रकार आचार संहिता विपरित कार्यक्रम संचालनगरी यस सम्मानित संस्थाको निर्देशन समेत अटेर गरेर मेरो मानहानी हुनेगरी गरेको सम्बन्धमा प्रमाण सम्बन्धमा न्यूज २४ टेलिभिजन र कार्यक्रम संचालक रबि लामीछाने लाई कडा भन्दा कडा कारबाही गर्दै पाउन सविनय अनुरोध गर्दै पुन: यो निवेदन पेश गरेको छु।

भवदिय

[signature]

कैलाश राज नाथ्री

मिति २०७४।१०।२७

श्री अध्यक्षज्यू,
प्रेस काउन्सिल नेपाल
सञ्चारग्राम, तिलगंगा

विषय : कारबाही गरिपाउँ ।

महोदय,

प्रस्तुत सम्बन्धमा न्यूज २४ टेलिभिजनमार्फत् संचालन भइरहेको सीधा कुरा जनतासँग नामक कार्यक्रम संचालनको नाममा रवि लामिछानेले अति आक्रामकरुपमा विना अनुमति व्यक्तिको कार्यकक्ष, निवासमा समेत घुसी अनर्गलरुपमा भ्रामक समाचार बनाउने गरी भिज्युअल खिच्ने र आम सीधासादा जनतालाई द:ख दिने गरेका छन् । रवि लामिछाने जो आफ अमेरिकी आप्रवासीय भिसा लिई नेपालमा अनुमति बेगर बस्दै आएका व्यक्ति हुन् । नेपालका सञ्चारमाध्यममा नेपाली नागरिकबाहेक अन्य व्यक्तिलाई पत्रकारिता गर्ने छुट छैन । विदेशी सञ्चारमाध्यममा काम गर्ने विदेशी पत्रकारहरुका लागि सूचना विभागले छुट्टै अनुमति दिने व्यवस्था समेत निजले पालना गरेका छैनन् ।अत: सोको छानबीन गरी आवश्यक कारबाही गरिदिनुहुन हामीले यो निवेदन पेश गरेका छौं ।

निवेदक

CHAUTARI ONLINE



# खण्डन समाचार प्रकाशित गरिएको बारेमा

Share | Tweet | Share


मिति : २०७४ फाल्गुन २२
श्री का.मु.उप-प्रशासकीय अधिकृत
सचिब ,आचारसंहिता अनुगमन उपसमिति (विद्युतिय)

विषय:खण्डन समाचार प्रकाशित गरिएको बारेमा

उपयुक्त सम्बन्धमा यश वेबसाईट **www.chautarionline.com** बाट २०७४ फाल्गुन १८ मा प्रकाशित 'प्रधानमन्त्री ओलिलाइ **धोतीले** दियो अहिलेसम्मकै ठुलो धम्की 'शिर्षक को समाचार मा **धोती** शब्द कुनै बेक्ति तथा बर्ग समुदाय को मर्यादामा आच आउने र कसैको बेक्तिगत मान बिपरित भुलबस पर्न गएको र तेसले कुनै बेक्ति ,समुदायको मानहानी पुगेको हुदा हामीले आफ्नो गल्तिको खंडन प्रकाशित गर्दछौ ।

उक्त शब्दले कोहि बेक्ति तथा समुदाय लाइ पर्न गएको मानहानी प्रती हृदय देखि क्षमा चाहान्छौ ।आगामी दिनमा यस्ता कुरा ख्याल गरेर समाचार सम्प्रेषण गर्ने प्रतिज्ञा गर्दछौ
खण्डन गरिएको समाचार को लिन्क..**http://www.chautarionline.com/20661**

**0 Comments** Sort by Newest



Add a comment...




90 friends like this

## ताजा अपडेट


खण्डन समाचार प्रक
बारेमा


BREAKING NEWE
मा अर्को भयानक दुर्घ


फेरी नेपाल बन्द को घ

# समाचार सच्याई क्षमा याचना मागिएको सम्बन्धमा

By **Morang Online** - January 16, 2018

Share on Facebook Tweet on Twitter G+ Like 76 Tweet



यस अनलाइनबाट २०७४ साल पौष ३० गते प्रकाशित समाचारमा एमाले अध्यक्ष खड्ग सहित पाँच जनाको मृत्यु भन्ने शिर्षकमा खड्ग कट्टालको तस्बिर हुनेपर्नेमा पुर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष माननीय कमरेड केपि ओलि ज्युको तस्वीर पर्न गएकोमा हामी अत्यन्त दुखित छौ। यस समाचारबाट पाठक बर्गहरुमा पर्न गएको भ्रम प्रती हामी अत्यन्तै दुखित तथा क्षमा प्राथी छौ। आगामी दिनहरुमा यस्ता भ्रामक समाचार प्रकाशित नगर्ने बाचा यसै समाचार मार्फत जानकारी गर्न चाहान्छौ । सम्पादक

TAGS केपि ओलि

सत्यसमाचार
SATYASAMACHAR.COM

मिति २०७४-०७-१३

श्री प्रेस काउन्सिल नेपाल
आचारसंहिता अनुगमन
उपसमिति (विद्युतिय)

**बिषय :- खण्डन समाचार प्रकाशित गरिएको बारे**

उपरोक्त सम्बन्ध मा हामीले मिति २०७४ साल ७ गते " नयाँ श्रीमान चाहियो ! मलाई धोका दिने श्रीमानलाई देखाउनलाई भए पनि म अर्को विवाह गर्न चाहन्छु " शिर्षक को एक लेख, विचार लाइ प्रकाशित गरेका थियौ , जसमा सम्मिलित फोटो New Zealand मा अध्यनरत सुनिता ज्यु को रहेछ र निज को यो लेख र रचना संग कुनै सबंध रहेनछ जसको कारण ले वहा लाइ मानसिक तनाब भोग्नु परेको मा हामी हरु पनिं भित्रि आत्मा देखि दु:खी छौ र यसप्रति क्षमायाचना माग्दै , आगामी दिन हरु मा यस्ता गल्ति हरु हुने छैन भन्ने पर्तिबद्द्ता जनाउन चाहन्छौ , प्रचलित पत्रकारिता अचार सहिता को पालन गरि समाचार सम्प्रेषण र प्रसारण गर्नेछौ हरेक समाचार लाई स्वयं सत्य तथ्य प्रमाणित गरि प्रकाशित गर्ने पर्तिबद्द्ता जनाउन चाहन्छौ ।

नोट :- सम्प्रेषण गरिएको " नयाँ श्रीमान चाहियो ! मलाई धोका दिने श्रीमानलाई देखाउनलाई भए पनि म अर्को विवाह गर्न चाहन्छु " शिर्षक को लेख लाइ हाम्रो साइटबाट हटाइसकेको जानकारी गराउन चाहान्छौं ।

Dipak

दिपक ढकाल
संचालक -
सत्यसमाचार डट कम

Reg. No.: 147051/072/073

# लाईट नेपाल डट कम प्रा. लि.

लाइटनेपाल
अनलाइन पत्रिका

Lightnepal.Com Pvt. Ltd.

Ref. No. 074/068/065

मिति : २०७४।०२।२१

श्री सूचना अधिकारी
सूचना विभाग
तिलगंगा, काठमाडौं

विषय : जवाफ पेश गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस लाइटनेपाल डटकममा गत बैशाख २८ मा प्रकाशित 'प्रधानमन्त्री पुत्र प्रकाशले सेल्फी खिंच्दा टाउको लुकाउने युवती को हुन् ? भन्ने समाचार कुनै पनि बदनियतका साथ प्रकाशन नगरेको जानकारी गराउँछौं । लाइटनेपाल डटकमले सो समाचार नेपालपाटी डटकम बाट साभार मात्र गरेको र समाचारमा स्रोत समेत खुलाइएको छ । यद्यपि समाचार प्रति केही गुनासो प्राप्त भएकाले हामीले उक्त समाचार तत्कालै हटाएको पनि जानकारी गराउन चाहन्छौं । लाइटनेपाल डटकम जोसुकैको व्यक्तिगत स्वतन्त्रता तथा गोप्यताको सम्मान गर्ने जानकारी गराउँदैं उक्त समाचारबाट कोही कसैमा हानिपुगेको भए क्षमायाचना गर्दछ र आगामी दिनमा यसप्रकारका सामग्री प्रकाशनमा विशेष ध्यान पुर्‍याउने जानकारी गराइन्छ ।

Surya Basyal

सुर्य बस्याल
प्रधान सम्पादक
लाइटनेपाल डटकम

Khushi Media Pvt. Ltd.
(ktmkhabar.com)
Kathmandu - 04

Khushi Media Pvt. Ltd.
Kathmandu

मिति: २०७४।१०।०३

श्री अध्यक्ष ज्यु,

प्रेस काउन्सिल नेपाल

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

**विषय: जवाफ पेस सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस खुशि मिडियाद्धारा सञ्चालित केटिएम खबर डट कम (ktmkhabar.com) मा मिति २०७४ असार २९ गते **'राष्ट्रपतिलाई फेसबुकमार्फत गाली गर्ने स्टेशन म्यानेजर प्रहरी फन्दामा'** शिर्षकमा समाचार प्रकाशन भएको साँचो हो । सो शिर्षक समाचारलाई लिएर प्रेस काउन्सिल नेपालद्धारा मिति २०७४ असार ३० गते प्रेषित पत्र पाए पश्चात नै सो समाचारलाई केटिएम खबरको सम्पुर्ण अभिलेखबाट हटाई सकिएको व्यहोरा अवगत गराउदछु । सो शिर्षक समाचारबाट सम्माननीय राष्ट्र प्रमुखप्रति माननर्दन गर्ने या प्रत्रकार आचारसंहिता उल्लंघन गर्ने कुनै पनि दुरासय वा नियत नभई भुलबस त्यसो हुन गएको थियो । केटिएम खबर डट कम सुचना विभाग, प्रेस काउन्सिल नेपाल लगायत आवश्यक ठाउँमा सम्पुर्ण दर्ता र प्रक्रिया पुरा गरेर सञ्चालित न्युज पोर्टल हो । हामी पत्रकार आचार संहिता पालनामा पुर्ण प्रतिवद्ध छौं ।

प्रेस काउन्सिल नेपालबाट मिति २०७४। ८ । १४ पुन: प्राप्त पत्र इमेल अद्याबधिक नभएका कारण जवाफ ढिलो हुन गएको हो । प्रेस काउन्सिललाई अवज्ञा गर्ने कुनै नियत यस भित्र छैन । भुलबस हुन गएका कमि कमजोरी प्रति क्षमायाचना गर्दै आगामी दिनमा यस्ता गल्ति नदोहोर्याउने प्रतिवद्धता सहित पत्रकार आचार संहिता पुर्ण पालनामा प्रतिवद्ध रहेको जानकारी गराउदै केटिएम खबर डट कमलाई अवज्ञाकारीको सुचिमा समावेश नगराउन हुन सादर अनुरोध छ । धन्यवाद

**सेर बहादुर कार्की**

**अध्यक्ष/सम्पादक**

**मोबाइल: ९८५११-४६९३४**

Annapurna Broadcast Media P. Ltd.

मिती २०७५ जेष्ठ २१

प्रेस काउन्सिल
दर्ता २१४८
मिति २०७५/२/२१
बुझ्नेको सही

श्री अध्यक्षज्यू
प्रेस काउन्सिल नेपाल
संचारग्राम, तीलगंगा

**बिषय : कार्यक्रम सम्बन्धमा ।**

महोदय,

मिति २०७५/२/५ गते प्रसारित सिस्टम चेक कार्यक्रम बारे प्रेस काउन्सिल नेपाल र हामी बिच चलेको छलफलमा हामीले अनुभव गरेका छौं कि हामीले निर्माण गरेको कार्यक्रममा समावेश केही शब्दहरु बाट काउन्सिल चिन्तित देखियो, काउन्सिलको तर्फबाट प्रस्तुतिको शैलीमा पनि केही प्रश्न उठे , केही गुनासा देखिए । यस अर्थमा हामी भन्न चाहन्छौं, सो दिन प्रसारण भएको कार्यक्रममा हामीले हामीलाई कसरी मर्यादित बनाउन सकिन्छ । यही बिषयमा बसी अनुसन्धान प्रस्तुत गर्न खोजेका हौं । यस क्रममा केही शब्द या शैलीले काउन्सिलको प्रतिष्ठामा आँच पुग्न गएको भए हामी क्षमाप्रार्थी छौं ।

धन्यवाद

# काउन्सिललाई धम्की

आचारसंहिता अनुगमन उपसमीति (विद्युतीय)
प्रेस काउन्सील काठमाडौ,

दर्ता नं ३५९६
मिति २०६८/११/०६
बुझ्नेको सही

**बिषय : खुलाई पेश गरीएको ।**

पत्रमा उल्लेख भए अनुसार आएको उजुरी भ्रमपुर्ण,कपोकल्पीत र पुर्वाग्रही छ ।सबैभन्दा पहिल म विदेशी नागरीक होइन । केही समय विदेश बसेका र विदेशी,आइडी,पासपोर्ट आदी डकुमेन्ट लिएका नेपालीहरुलाई नेपालको संविधानले गैर आवसिय नेपाली भन्छ । व्यवस्थापीका संसदले बनाएको २०६४ सालको ऐन न १५ गैर आवासिय नेपालीका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐनको खण्ड १३ ले काम गर्ने मात्र होइन उद्योग वा व्यवसाय समेत सञ्चालन गर्न पाउने व्यवस्था गरेको मात्र छैन, **नेपाली** नागरीक सरह नेपालमा काम गर्न पाउने गरी उद्योग वा व्यवसाय सञ्चालन समेत गर्न पाउने अधिकार दिएको छ । त्यस माथी मैले नेपाल सरकारको गृह मन्त्रालयबाट बस्ने भिपा लिएको छु, श्रम मन्त्रालयबाट काम गर्ने अनुमती लिएको छु । पछिल्लो समय मेरो कार्याअनुमती नविकरण प्रकृयामा छ र नविकरणको प्रकृयामा रहँदै गर्दा काम गर्न समस्या नभएको गृह मन्त्रालयको अभिव्यक्तीको रेकर्ड समेत सुरक्षीत राखेको छु । अर्को कुरा म पत्रकार होइन,भैसकेको छैन । म एक कार्यक्रम सञ्चालक हुँ । कार्यक्रम संचालकहरुले मात्र होइन धेरै पत्रकारले समेत प्रेस पास लिएका छैनन । प्रेस

पहिचान गरी कार्वाही प्रकृया [illegible] माफत सुचना

काउन्सीलले छानविन गरेको र कारवाही अघि बढाएको दिन म प्रेस काउन्सील माफत सुचना विभागबाट शिकारु पत्रकारको हैशियतमा प्रेस पास लिन लाइनमा लाग्ने छु। अहिलेको अवस्थामा प्रेस पास लिनु भन्दा म यो पेशा नै त्यागेर दोबाटोमा जुत्ता पालिस गर्न पाए बरु गर्वको अनुभुती गर्ने छु। प्रतिस्पर्दाको आजको युगमा पञ्चायतकालिन मानसीकता बोकेर म र मेरो टिमलाई दुख दिन दिने नियतले परेका उजुरीको आडमा यसरी पत्र नकाटीयोस भनि अनुरोध गर्दछु। धन्यवाद।

रवि लामिछाने
न्युज २४ टेलिभिजन
काठमाडौ

प्रेस काउन्सिल नेपाल

# यससम्बन्धी भएका क्रियाकलाप

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग
प्रेस रजिष्ट्रेशन शाखा

फोन: ४११२७१७
४११२५५१
४११२७५३
फ्याक्स : ४११२६५२
pressdoi8@gmail.com
www:doinepal. gov.np

प.सं. : २०७४/७५
च.नं. ८२९

तिलगंङ्गा, काठमाडौं
मिति: २०७४/१२/०१

विषय : खुलाई पठाइएको ।

श्री प्रेस काउन्सिल नेपाल
सञ्चारग्राम, काठमाडौं ।

उपर्युक्त विषयमा तहाँको प.सं. १६५९/०७४/७५, मिति २०७४/११/११ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा "रवि लामिछाने, न्यूज २४ टेलिभिजन" ले यस विभागबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरेको अभिलेखमा नदेखिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(रुपा वि.क.)
शाखा अधिकृत

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग
प्रेस रजिष्ट्रेशन शाखा

फोन: ४११२७१७
४११२५५१
४११२७५३
फ्याक्स : ४११२६५२
pressdoi8@gmail.com
www:doinepal. gov.np

प.स. : २०७४/७५
च.नं. १०३२

तिलगंङ्गा, काठमाडौं
मिति:- २०७५/२/३

प्रेस काउन्सिल
दर्ता नं. २०५०
मिति २०७५/०२/०३
बुझ्नेको सही

विषय : खुलाई पठाइदिने सम्बन्धमा ।

श्री प्रेस काउन्सिल नेपाल
सञ्चारग्राम, काठमाडौं ।

उपर्युक्त विषयमा प.सं. च.नं. २१३७/०७४/७५ मिति २०७५/१/२४ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को पहिलो संशोधनको दफा २ "घ" मा "श्रमजीवी पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आशिंक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्टिन्जर, समाचारबाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेवडिजाइनर, स्तम्भलेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ' भन्ने उल्लेख छ ।

साथै, न्यूज ट्वान्टीफोर टेलिभिजनले मिति २०७४/३/१, आ.व. २०७४/७५ का लागि पठाएको दरबन्दी र श्रमजीवी विवरणमा विभागको द.नं. ३४१७ मिति २०७४/३/१६ मा दर्ता भएको र उक्त विवरणको **"क्र.सं. १९. श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको नामथर : रवि लामछाने, पद : वरिष्ठ कार्यक्रम संयोजक तथा वरिष्ठ प्रस्तोता, नियुक्तिको किसिम : स्थायी"** उल्लेख भई आएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(रुपा वि.क.)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(अध्यागमन तथा सीमा प्रशासन शाखा)

६६१२२
०७।८।१५

पत्र संख्या:- अ.सी.(विविध)/०७४-७५
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-१०३१

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मिति: २०७४/०८/१

नेपाल सरकार
गृह मन्त्रालय

विषय: राय/सहमति सम्वन्धमा ।

श्री सूचना तथा संचार मन्त्रालय,
काठमाडौं ।

प्रस्तुत विषयमा नाता भिसाको आधारमा गैर पर्यटकीय भिसा प्राप्त गरी Nepal Broadcasting Channel Pvt. Ltd. को News24 मा काम गर्न चाहेका अमेरिकी नागरिक Mr. Rabi Lamichhane (Passport no 512966981) लाई सो क्षेत्रमा रही कार्य गर्न सहमति दिने सम्वन्धमा तहाँको राय/प्रतिक्रिया उपलब्ध गराईदिनु हुन आदेशानुसार अनुरोध छ ।

(चन्द्रप्रसाद बस्याल)
शाखा अधिकृत

नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

अन्तर्राष्ट्रिय सम्बन्ध शाखा

सिंहदरबार, काठमाडौं

प.सं.अस-१४/०७४।७५ च.नं. ९०५

मितिः २०७४।९।२५

विषयः राय/सहमती सम्वन्धमा ।

श्री गृह मन्त्रालय

अध्यागमन तथा सीमा प्रशासन शाखा

सिंहदरवार ।

प्रस्तुत विषयमा तहाँको पत्र संख्या अ.सी.(विविध)/०७४-७५ च.नं.१०३१ मिति २०७४।०९।१३ को पत्रबाट News24 मा काम गर्न चाहेका अमेरिकी नागरिक Mr. Rabi Lamichhane लाई सो क्षेत्रमा रही कार्य गर्न सहमति दिने सम्वन्धमा राय/प्रतिक्रिया माग भई आएकोमा नेपाली Media मा पत्रकारिता र सो क्षेत्रमा कार्य गर्न नेपालमा पर्याप्त जनशक्ती रहेको व्यहोरा मिति २०७४।९।२१ (नेपाल सरकार-सचिवस्तर) को निर्णयानुसार अनुरोध गर्दछु ।

२०७४।९।२५

( सुरेशबाबु घिमिरे )

शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# अध्यागमन विभाग

फोनः ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८

(प्रशासन शाखा)

कालिकास्थान, काठमाण्डौं
Website: www.nepalimmigration.gov.np
E-mail: mail@nepalimmigration.gov.np

पत्र संख्या :- प्र.-०७४/०७५
चलानी नं. :- ९५२६

मितिः २०७५/०३/०५

विषयः खुलाई पठाइएको सम्बन्धमा ।

श्री प्रेस काउन्सिल नेपाल,
तिलगङ्गा, काठमाण्डौं ।

तहाँ काउन्सिलको चलानी नं. २४३२/०७४/०७५ मिति २०७५/०३/०४ गतेको पत्रका सम्बन्धमा लेखिदैछ ।

सो सम्बन्धमा तहाँको पत्रमा उल्लेख गरिएका अमेरीकी राहदानी नं. ५१२९६६९८१ वाहक रवि लामिछानेलाई यस विभागबाट सन् ०४ अक्टोबर २०१८ सम्म अवधि रहेको गैर पर्यटक (नातेदार) भिसा जारी गरिएको छ । साथै अध्यागमन नियमावली, २०५१ को दफा २० को (१) मा यस "नियमावली बमोजिम पर्यटक र परिवारको सदस्यको हैसियतले भिसा पाउने विदेशीले नेपालभित्र रहँदा पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न पाउने छैन" र ऐ. ऐ. को (२) मा "यस नियमावली बमोजिम भिसा प्राप्त गर्ने विदेशीले जुन उद्देश्यको निमित्त भिसा प्राप्त गरेको हो सो बाहेक अन्य काम गर्न पाइने छैन" भन्ने व्यवस्था रहेको जानकारीका लागि आदेशानुसार अनुरोध छ ।

..........................
(कुलशेखर अर्याल)
अध्यागमन अधिकृत

नेपाल सरकार
Government Of Nepal
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
Ministry of Labour, Employment and Social Security

# श्रम विभाग
# Department Of Labour

मीनभवन, काठमाण्डौ
Minbhawan, Kathmandu

प.स. ०७४।०७५ | च.नं. 9556 | मितिः २०७५।०३।०५

प्रेस काउन्सिल दर्ता 2290 मिति 2075/3/6

श्री प्रेस काउन्सिल नेपाल
तिलगंगा, काठमाडौ ।

बिषयः खुलाई पठाइएको बारे ।

प्रस्तुत विषयमा तहाँको च.नं. २४३३।०७४।०७५, मिति २०७५।०३।०४ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्वन्धमा यस विभागको अभिलेख भिडाई हेदा रवि लामिछाने (पासपोर्ट नं. ५१२९६६९८१) ले श्रम स्वीकृति लिएको नदेखिएको व्यहोरा अनुरोध छ ।

2075/03/05

नविन पोखरेल
(शाखा अधिकृत)

# आचारसंहिता प्रतिकूल सामग्रीहरु नमूना

PRESS COUNCIL NEPAL
स्था. २०२७ – ESTD. 1970

ATIBAD राष्ट्रिय साप्ताहिक
ATIONAL WEEKLY

# संसार छाड्ने तरखरमा कोइराला





SHREE-RUPREKHA VERNACULAR WEEKLY

वर्ष २०, अंक ४५, २०७२ मंसिर १५ गते मंगलबार (December 1, 2015) मूल्य रु. १०/-

# ओलीको 'बलि'पछि मात्र नाकाबन्दी खुल्ने

यस्ता पान

# प्रेस काउन्सिल नेपाल

## अनुगमनको क्रममा आचारसंहिता प्रतिकूल जे देखियो





mirmireonline.com/2015/10/archives/18162

Mirmire Online
www.mirmireonline.com

Live Radio

अत्याधुनिक प्रविधि र वरिष्ठ चिकित्सकहरुद्वारा भरपर्दो उपचार सेवा उपलब्ध छ।

होम पेज | देश | विदेश | बिजनेस | विचार-ब्लग | मनोरञ्जन | खेलकुद | प्रवास | भिडियो | स्वास्थ्य | ENGLISH | अन्य

News Update: बंगलादेश जवाफी व्याटिङ्गमा    बाबुराम सहितकालाई जेल पठाएकोमा माओवादी युवा स्वयसेवकको आपत्ति    फिफा वरीयतामा नेपा

### सरीताको हत्या या आत्महत्या ,घटना झन रहस्यमय बन्दै

Like 1.6k Share 1639 Tweet 1 Google + 4

रेखा शाही

Posted on October 14, 2015 by मिर्मिरे अनलाइन

**काठमाण्डौ ,२७ असोज ।**
६ महिना अघि घर छोडेर पराई घर गएकी छोरीले सदाका लागी यो संसार छोडेको खबर पाएपछि शोकमा डुवेको ललितपुर ठुला दुर्लुङका तिमल्सीना परिवार अहिले छोरीले न्याय पनि नपाउने देखेपछि झन पिडित बनेका छन् ।

ललितपुरको ठुला दुर्लुङ गाविस ८ की १९ बर्षिया सरीता तिमिल्सीना (घिमिरे) सोही स्थानका उपेन्द्र घिमिरेसँग ६ महिना अघि मात्रै बिवाह बन्धनमा बाधिएकी थिईन् । घरबाट स्कुल जान्छु भनेर हिडेकी उनी उपेन्द्रसँग भागेर बिबाह गरेको परिवारले छोरी घर नफर्किए पछि खोजी गर्दा मात्रै थाहा पायो ।

**शिर्षकका चर्चीत**

**बिहार र युपीमा टुकी बालेर भारतले अन्तराष्ट्रिय नेतृत्व बन्न सक्दैनःडा. उपेन्द्र देवकोटा वरिष्ठ न्यूरो सर्जन एवं राष्ट्रियताका अभियान्ता**
डा. उपेन्द्र देवकोटा न्यूरो सर्जनको रुपमा निकै चर्चित छन् । विद्यार्थी कालदेखि नै राजनीतिमा चासो

**आजबाट सातामा ९३ घण्टा लोडसेडिङ (तालिका सहित)**
काठमाडौं १८ माघ । नेपाल विद्युत प्रधिकरणले लोडसेडिङको समयतालिका पुनः बढाएको छ । यसअघि सातामा

**चीनको Gulangyu Island को अविस्मरणीय समुद्री यात्रा**
मेलै विभिन्न टेलिभिजन च्यानलहरुको माध्यमबाट ठूला–ठूला समुद्री सागरहरु देखेका भएतापनि स्वयं भौतिक रुपमा

# प्रेस काउन्सिल नेपाल



रौतहटमा ज्वालामूखि भन्दै सम्प्रेषित तस्वीर

# दु:खद खबर: जिप दुर्घटनामा एमाले अध्यक्ष खड्ग सहित ५ जनाको मृत्यु

By **Morang Online** - January 14, 2018

Share on Facebook Tweet on Twitter G+ Like 1.8K Tweet



संखुवासभाको मकालु गाउँपालिकामा जिप दुर्घटना हुँदा गाउँपालिका अध्यक्ष खड्ग कटुवालसहित ५ जनाको मृत्यु भएको छ ।

# सुटुक्क काँकरभिट्टा आएका ट्रम्पको चाहना- सोलुखुम्बुको गाउँमा छाप्रो बनाएर सगरमाथा हेर्दै जिन्दगी बिताउने!

By **Morang Online** - March 10, 2018

Share on Facebook Tweet on Twitter G+ Like 211 Tweet



# राजधानीमा प्रयोग भएको कण्डमबाट मदिरा बन्ने गरेको खुलासा, जनचेतनाको लागि शेयर गरौ !!

May 4, 2018 0

Like 1.1K Tweet



# ओली र बादल बिचको विवाद कारण गृहमन्त्री बादल द्धरा राजिनामा

प्रहार न्युज

1.2K
SHARES



काठमाडौं – एमाले अध्यक्ष केपी शर्मा ओलीले घुमाउरो पारामा माओवादीलाई टुरिष्ट र आतंककारीको बिल्ला भिराउन खोजेपछि

ताजा अपडेट

धै


यातायात
विरुद्ध यस
ओली सरव


वाम एकता
मोडमा,आखि
त एकताको


साढे ३३ वे
: २८ जनाि
मोरङ जिल
मुद्दा दायर


म्याजिक
झुण्डिएर
भारतीय न


गणराज्यव
गराउने 'क

Pathivara Online



# झापामा घट्यो डरलाग्दो दुर्घटना !



Pathivara Online



# घर फर्किएकि छोरीलाई आफ्नै स्कुल बसले यसरी किचेपछि, सिसिटिभी लाइभ फुटेज हेर्नुहोस



https://satyasamachar.com/2018/04/11/26282

gle Facebook Global IME BOKL Click YouTube Radio Online Gmail Entry Form

Home समाचार बिचित्र संसार बिज्ञान प्रबिधि मनोरंजन भिडियो रोचक बिचित्र संसार स्वास्थ्य/जीवन शैली

# Rip…Rip…भखरै पुर्बी चितवनमा डरलाग्दो दुर्घटना ! कमजोर मुटु हुनेले नहेर्नुहोला

admin · 2 weeks ago

0 1,024 Less than a minute



# गोरे र ओलीविचको फोनबार्ता भाइरल (भिडियो)

4K
SHARES
Facebook Twitter Google+ Email

चर्चित ३८ क्विन्टल सुन काण्डका प्रकरणका मुख्य पात्र चुडामणी उप्रेती गोरे पछिल्लो समय सबै भन्दा बढि चर्चाको विषय वनिरहेका छन् । सामाजिक सञ्जाल तथा मिडिया जता सुकै उनकै चर्चा हुने गरेको छ ।

यस्तैमा प्रधानमन्त्रि ओलीले कारागारमा रहेका गोरेलाई फोन गरेको एउटा भिडियो अहिले भाइरल भैरहेको छ ।

नयाँ कुरो युट्युब च्यानलबाट अपलोड गरिएको यो भिडियो छाटो समयमानै थुप्रैले हेरिसकेका छन् । तिमिले सुनका डल्ला फालेनौ अहिले डल्ला फाल्नेको मात्रै समय रहेको भन्दै ओलीले गारेलाई भने पछी गोरेले के भने त हेर्नुहोस यो रमाइलो भिडियो




## Comment

24 Comments Sort by Top

Add a comment...


Tanah Jindagi · Works at Facebook

OSnepal
4,820,669 lik
Liked
You and 1,135 other f





Popular



Late Pratyu

# धन्यवाद